# भाग ५

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकार, नेपाल र संघीय गणतन्त्र जर्मन सरकारबीच सम्पन्न चोभार सिमेण्ट प्लाण्ट पुनः निर्माण आयोजनाको लागि समेत आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा भएको सम्झौता सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

श्री ५ को सरकार, नेपाल

र

संघीय गणतन्त्र जर्मन सरकारका

बीच

आर्थिक सहयोगसम्बन्धी सम्झौता

श्री ५ को सरकार, नेपाल

र

संघीय गणतन्त्र जर्मन सरकार

नेपाल अधिराज्य र संघीय गणतन्त्र जर्मनीका बीच कायम रहेको मैत्री सम्बन्धको भावना अनुकूल,

साझेदारीको भावना अनुरूप ती मैत्रीपूर्ण सम्बन्धहरूलाई अझ बढी सुदृढ र गहन तुल्याउन इच्छुक भई,

ती सम्बन्धहरूको पालना नै वर्तमान सम्झौताको आधार हो भन्ने अवगत गरी,

नेपाल अधिराज्यको आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्‍याउने अभिप्रायले,

देहायबमोजिम गर्न सहमत भएका छन् :

धारा–१

१. संघीय गणतन्त्र जर्मन सरकारले श्री ५ को सरकार, नेपाललाई क्रेडिटान्स्टल्ट फर वेदरफवाउ (विकास ऋण निगम), फ्रयांकफर्ट । मेनबाट कुल २,५०,००,००० (दुई करोड पचास लाख) डच मार्कसम्मको आर्थिक सहायता उपलब्ध गराउने छ ।

१०१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. उक्त आर्थिक सहायता आवश्यक छानबीनपछि अभिवृद्धि गर्न उपयुक्त देखिएमा देहायका आयोजनाहरूमा खर्च गरिनेछ :

(क) चोभार सिमेण्ट प्लाण्ट पुनः निर्माण आयोजनाको लागि ७,००,००० (सात लाख) डी. एम. सम्म,

(ख) नेपाल औद्योगिक विकास निगम (ने. औ. वि. नि.) आयोजनाको लागि ५०,००,००० (पचास लाख) डी. एम. सम्म,

(ग) नयाँ जलविद्युत्सम्बन्धी परियोजनाको लागि १,९३,००,००० (एक करोड त्रियानब्बे लाख) डी. एम. सम्म ।

३. यदि भविष्यमा संघीय गणतन्त्र जर्मन सरकारले नयाँ जलविद्युत्सम्बन्धी परियोजनाको तयारी वा सोको कार्यान्वयन तथा जगेर्नाको सम्बन्धमा आवश्यक पर्ने कुराहरूको प्राप्तिको निमित्त क्रेडिटान्स्टल्ट फर वेदरफवाउबाट श्री ५ को सरकारलाई थप आर्थिक सहायता ।

४. संघीय गणतन्त्र जर्मन सरकार र श्री ५ को सरकार, नेपालले मन्जूर गरेमा, माथि प्रकरण २ को (क) देखि (ग) सम्म उल्लिखित आयोजनाहरूलाई अन्य आयोजनाहरूद्वारा प्रतिस्थापन पनि गर्न सकिनेछ ।

## धारा–२

यस सम्झौताको धारा १ मा उल्लिखित रकमहरूको उपयोग र यसका शर्तहरू जसको आधारमा ती रकमहरू उपलब्ध गराउनेछ, र साथै ठेक्का प्रदान गरिने कार्यविधि आर्थिक सहायता प्राप्त गर्ने तथा क्रेडिटान्स्टल्ट फर वेदरफवाउबीच सम्पन्न हुने सम्झौताको प्रावधानहरूद्वारा निर्दिष्ट हुनेछन्, जुन सम्झौता संघीय गणतन्त्र जर्मनीमा लागू हुने कानूनी व्यवस्थाको अधीनमा हुनेछ ।

## धारा–३

श्री ५ को सरकार, नेपालले यस सम्झौताको धारा २ मा उल्लेख भए अनुसारको सम्झौता सम्पन्न हुँदा वा त्यसको कार्यान्वयन हुने बखतमा क्रेडिटान्स्टल्ट फर वेदरफवाउलाई नेपाल अधिराज्यमा लगाइएका सबै करहरू र सार्वजनिक दस्तूरहरूबाट छूट दिनेछ ।

## धारा–४

श्री ५ को सरकार, नेपालले यात्रुहरू र सरसामान आपूर्तिकर्ताहरूलाई, यो आर्थिक सहायता उपलब्ध गराउने क्रममा, व्यक्तिहरू तथा वस्तुहरू जल, स्थल वा हवाई मार्गद्वारा ढुवानी गर्नको लागि यातायात संस्थाहरूको स्वतन्त्र छनौट गर्न छूट दिनेछ र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यो सम्झौता लागू हुने जर्मन क्षेत्रभित्र व्यापारमा संलग्न रहेका यातायात संस्थाहरूलाई समान शर्तहरूको आधारमा ढुवानी गर्न पाउनेबाट रोक्ने वा बाधा पुर्याउने कुनै कदम चाल्नेछैन र यस्तो संस्थाहरूलाई भाग लिनको लागि आवश्यक अनुमतिपत्र-हरू प्रदान गर्नेछ ।

धारा–५

यस आर्थिक सहायताबाट उपलब्ध हुने सर-सामानहरू र सेवाहरूको सम्बन्धमा बर्लिन भूमिको आर्थिक सम्भाव्यताहरूको प्राथमिकता पूर्ण उपयोग गरिन संघीय गणतन्त्र जर्मन सरकार विशेष महत्त्व दिन्छ ।

धारा–६

दफा ४ मा उल्लिखित हवाई यातायातसम्बन्धी प्रावधानहरू बाहेक यो सम्झौता लागू भएको मितिले तीन महिनाभित्र संघीय गणतन्त्र जर्मन सरकारले श्री ५ को सरकार, नेपाललाई विपरीत घोषणाद्वारा सूचना नगरेमा यो सम्झौता बर्लिन भूमिमा पनि लागू हुनेछ ।

धारा–७

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ ।

काठमाडौंमा मिति २०४४ श्रावण ४ मा नेपाली, जर्मन र अंग्रेजी भाषाका प्रति-हरूमा हस्ताक्षर गरियो । यी तिनै भाषाका प्रतिहरू समान रूपले प्रामाणिक हुनेछन् । नेपाली र जर्मन प्रतिहरूको व्याख्याको सम्बन्धमा विवाद उठेमा अंग्रेजी प्रतिलाई मान्यता दिइनेछ ।

| श्री ५ को सरकार नेपालको तर्फबाट | संघीय गणतन्त्र जर्मनी सरकारको तर्फबाट |
|---|---|
| | द. |
| | काले केम्फ<br>नेपालका लागि संघीय गणतन्त्र जर्मनीका राजदूत |
| द. | द. |
| भरतबहादुर प्रधान<br>अर्थ तथा उद्योग राज्यमन्त्री | हान्स क्लाइन<br>आर्थिक सहयोगसम्बन्धी मन्त्री |

903



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Agreement
between
His Majesty's Government of Nepal
and
the Government of the Federal Republic of Germany
concerning Financial Co-operation

His Majesty's Government of Nepal
and
The Government of the Federal Republic of Germany,
in the spirit of the friendly relations existing between the Federal Republic of Germany and the Kingdom of Nepal,
desiring to strengthen and intensify those friendly relations through financial co-operation in a spirit of partnership,
aware that the maintenance of those relations constitutes the basis of this Agreement,
intending to contribute to social and economic development in the Kingdom of Nepal,
have agreed as follows:

**ARTICLE 1**

(1) The Government of the Federal Republic of Germany shall enable His Majesty's Government of Nepal to obtain from the Kreditanstalt fur Wiederaufbau (Development Loan Corporation), Frankfurt/Main, financial contributions up to a total of DM 25, 000,000 (twenty-five million Deutsche Mark).

(2) The financial contribution shall be used as follows:
   (a) up to DM 700,000 (seven hundred thousand Deutsche Mark) for the project Rehabilitation of the Chobar Cement Plant,
   (b) up to DM 5,000,000 (five million Deutsche Mark) for the project Nepal Industrial Development Corporation (NIDC),
   (c) up to DM 19,300,000 (nineteen million three hundred thousand Deutsche Mark) for the project New Hydro-electric Power Plant,

   if, after examination, the projects have been found eligible for promotion.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(3) This Agreement shall also apply if, at a later date, the Government of the Federal Republic of Germany enables His Majesty's Government of Nepal to obtain from the Kreditanstalt fur Wiederaufbau, Frankfurt/Main, further financial contributions for the preparation of the project New Hydroelectric Power Plant or for attendant measures required for its implementation and support.

(4) The projects referred to in paragraph 2 (a) to (c) above may be replaced by other projects if the Government of the Federal Republic of Germany and His Majesty's Government of Nepal so agree.

### ARTICLE 2

The utilization of the amounts referred to in Article 1 of this Agreement and the terms and conditions on which they are made available, as well as the procedure for awarding contracts, shall be governed by the provisions of the agreements to be concluded between the recipient of the financial contributions and the Kreditanstalt fur Wiederaufbau, which shall be subject to the laws and regulations applicable in the Federal Republic of Germany.

### ARTICLE 3

His Majesty's Government of Nepal shall exempt the Kreditanstalt fur Wiederaufbau from all taxes and other public charges levied in the Kingdom of Nepal in connection with the conclusion and implementation of the agreements referred to in Article 2 of the present Agreement.

### ARTICLE 4

His Majesty's Government of Nepal shall allow passengers and suppliers free choice of transport enterprises for such transportation by sea, land or air of persons and goods as results from the granting of the financial contributions, abstain from taking any measures that might exclude or impair the participation on equal terms of transport enterprises having their place of business in the German area of application of this Agreement, and grant any necessary permits for the participation of such enterprises.



907

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ARTICLE 5

With regard to supplies and services resulting from the granting of the financial contributions, the Government of the Federal Republic of Germany attaches particular importance to preferential use being made of the economic potential of Land Berlin.

## ARTICLE 6

With the exception of those provisions of Article 4 which refer to air transport, this Agreement shall also apply to Land Berlin, provided that the Government of the Federal Republic of Germany does not make a contrary declaration to His Majesty's Government of Nepal within three months of the date of entry into force of this Agreement.

## ARTICLE 7

This Agreement shall enter into force on the date of signature thereof.

Done at Kathmandu on 20 July 1987 in duplicate in the German, Nepali and English languages , all three texts being authentic. In case of divergent interpretations of the German and Nepali texts, the English text shall prevail.

For His Majesty's Government of Nepal

Sd.

Bharat B. Pradhan
Minister of State
for Finance & Industry

For the Government of the Federal Republic of Germany

Sd.

Karl Kempf
Ambassador of the Federal Republic of Germany in Kathmandu

Sd.

Hans Klein
Federal Minister for Economic Co-operation

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
उपसचिव

१०५



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।